हल्दीवारी राजपत्र

हल्दीवारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) झापा, कोशी प्रदेश, नेपाल, ७ चैत्र २०८१ साल (संख्या २

भाग २

हल्दीबारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

झापा, कोशी प्रदेश नेपाल

प्राविधिक तथा सीपमूलक तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

हल्दीबारी गाउँपालिकाको कार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

हल्दीबारी गाउँपालिका

प्राविधिक तथा सीपमूलक तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

प्रस्तावनाः युवाहरूलाई सीप र रोजगारी प्रदान गर्ने तथा गाउँपालिकाभित्रै दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले विभिन्न विषयमा निर्धारित अवधिको व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन गर्न आवश्यक भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी हल्दीबारी गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद-१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "प्राविधिक तथा सीपमूलक तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि हल्दीबारी गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसाङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"तालिम केन्द्र"** भन्नाले हल्दीबारी गाउँपालिका अन्तर्गतको व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र सो परिषद् अन्तर्गतको तालिम सञ्चालन गर्ने आङ्गिक शिक्षालय समेतलाई सम्झनु पर्दछ ।

(ख) **"गाउँपालिका"** भन्नाले हल्दीबारी गाउँपालिका सम्झनु पर्छ ।

(ग) **"तालिम"** भन्नाले उद्यम तथा व्यवसाय गर्न दफा ४ बमोजिम प्रदान गरिने व्यावसायिक तथा सीपमूलक प्रशिक्षण एवं तालिम सम्झुन पर्छ ।

(घ) **"तालिम प्रदायक संस्था"** भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्‌बाट तालिम सञ्चालन गर्न अनुमति प्राप्त निजी क्षेत्रका तालिम प्रदायक संस्थालाई सम्झनु पर्छ ।

परिच्छेद-२
सीपमूलक तालिमको क्षेत्र र सञ्चालन विधि

३. प्राविधिक तथा सीपमूलक तालिमको क्षेत्रः (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने व्यावसायिक तथा सीपमूलक तालिमका क्षेत्रहरू देहाय बमोजिम हुनेछन्ः-

(क) निर्माण

(ख) कृषि

(ग) सेवा

(घ) विद्युतीय वायरिङ्

(ङ) हस्तकला

(च) होटल

हल्दीबारी गाउँपालिका

(छ) होजियारी तथा तयारी पोशाक

(ज) खाद्य सामग्री प्रशोधन

(झ) सूचना र प्रविधि

(ञ) मेसिनरी उपकरण मर्मत

(ट)अन्य क्षेत्र

(२) उपदफा (१) बमोजिम क्षेत्रहरूमा सञ्चालन गरिने तालिमको विषय (सब्जेक्ट) र अवधि अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

४. व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन विधिः (१) बार्षिक स्वीकृत कार्यक्रम अनुसार गाउँपालिकाले विषयगत रूपमा व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालनको लागि तालिम प्रदायक संस्था र तालिम सञ्चालनको लागि तालिम प्रदायक संस्था र तालिम सञ्चालन विधि देहायका आधारमा तोक्न सक्नेछः-

(क) गाउँपालिका अन्तर्गतका निकायहरूबाट सञ्चालन गरिने तालिमको विषय, तालिम अवधि र सहभागी संङ्ख्या,

(ख) अन्य सम्बन्धित सरकारी निकायको संयोजनमा सञ्चालन गरिने तालिमको विषय, तालिम अवधि र सहभागी सङ्ख्या,

(ग) संघ वा प्रदेशको साझेदारीमा सञ्चालन गरिने तालिमको विषय, तालिम अवधि र सहभागी सङ्ख्या,

(घ) तालिम प्रदायक संस्थाहरूबाट सेवा खरीद गरी सञ्चालन गरिने तालिमको विषय, तालिम अवधि र सहभागी सङ्ख्या ।

(२) उपदफा (१) मा उल्लिखित विषयका आधारमा तालिम केन्द्रले तालिम प्रदायक संस्था मार्फत तालिम सञ्चालन गर्नुपर्ने भएमा त्यस्ता तालिम प्रदायक संस्थासँग तालिम सञ्चालन गर्न तालिमको विषयवस्तु, अवधी र सहभागी सङ्ख्या एवम् सञ्चालन गर्ने निकाय तोकेर तालिम सञ्चालनको लागि प्रस्ताव माग गर्न सक्नेछ ।

५. सहभागी छनोट गर्ने आधार र विधिः (१) तालिमको सहभागीको रूपमा छनोट हुन आवश्यक पर्ने योग्यता देहाय बमोजिम हुनेछः-

(क) सोह्र वर्ष पूरा भई चालिस वर्ष ननाघेका नेपाली नागरिक,

(ख) आधारभूत तालिमको हकमा सम्बन्धित विषयमा विगतमा तालिममा सहभागि नभएको,

(ग) आधारभूत भन्दा माथिल्लो तहको तालिममा सहभागी हुन सो भन्दा तल्लो तहको तालिम लिएको हुनुपर्ने,

(घ) स्वरोजगारमूलक व्यवसाय र उद्यम गर्ने चाहना र रूची भएको वा स्वरोजगारमूलक व्यवसाय वा उद्यम गरिरहेको,

(ङ) विपन्न, गरिब, दलित, द्वन्द पीडित, सिमान्तकृत, अल्पसङ्ख्यक समुदाय अन्तर्गत पर्ने व्यक्ति ।

(२) सीपमूलक तालिममा सहभागिताका लागि हल्दीबारी गाउँपालिकाको साझेदारीमा सञ्चालन गरिने तालिम र तालिम प्रदायक संस्थाहरूबाट सेवा खरिद गरी सञ्चालन गरिने तालिमका लागि गाउँपालिकाले सहभागिको अन्तिम नामावली तय गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको नामावली दफा (३) को उपदफा (२) बमोजिम विषय, अवधि र बजेटको आधारमा तयार गरिनेछ ।

६. लागत अनुमान तथा स्वीकृतिः (१) तालिम सञ्चालन गर्ने कार्यक्रमको लागत अनुमान र स्वीकृति सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिम गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको लागत अनुमान अनुसूची-२ मा उल्लिखित ढाँचा बमोजिम तयार गरिनेछ ।

७. प्रस्ताव आह्वान गर्नेः (१) सीपमूलक तालिम सञ्चालन गर्ने तालिम प्रदायक संस्थाहरू मार्फत तालिम सञ्चालन गर्नुपर्ने भएमा हल्दीबारी गाउँपालिकाले कम्तिमा पन्ध्र दिनको सार्वजनिक सूचना स्थानीयस्तरको सञ्चार माध्यम वा आफ्नो वेभसाइट वा सामाजिक सञ्चालमा प्रकाशित गरी प्राविधिक र आर्थिक प्रस्ताव माग गर्नेछ ।

(२) तालिम प्रदायक संस्थाले उपदफा (१) बमोजिमको प्राविधिक प्रस्ताव अनुसूची-३ र आर्थिक प्रस्ताव अनुसूची-४ बमोजिमको ढाँचामा छुट्टाछुट्टै खाममा सिलबन्दी गरी हल्दीबारी गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

तर म्याद समाप्त हुने दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिनलाई प्रस्ताव पेश गर्ने अन्तिम दिन मानिनेछ ।

(३) तालिम प्रदायक संस्थाले प्राविधिक प्रस्तावको लागि दफा ९ बमोजिमका कागजात र दफा १० बमोजिमको विवरण पुष्टि हुने कागजात समेत पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम पेश भएका सिलबन्दी प्रस्तावमध्ये प्रस्ताव सूचनामा उल्लिखित समयमा खोलिने छ ।

(५) उपदफा (४) बमोजिम खोलिएका प्राविधिक प्रस्तावहरुको मूल्याङ्कन सात (७) दिनभित्र गरिसक्नु पर्नेछ ।

(६) प्राविधि प्रस्तावमा छनोट भएका प्रस्तावदाताको विवरण हल्दीबारी गाउँपालिकाको वेभसाइटमा प्रकाशित गरी आर्थिक प्रस्ताव खोल्न सात (७) दिनको समय दिई सूचना प्रदान गर्नु पर्नेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी निकाय तथा सरकारी स्वामित्वमा रहेको सार्वजनिक निकाय वा तालिम प्रदायक संस्थासँग सम्झौता गरी सीपमूलक तालिम सञ्चालन गर्न तथा तालिम सञ्चालन सम्बन्धी सेवा खरिद गर्दा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिम गरिनेछ ।

८. प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरूः (१) सीपमूलक तालिम सञ्चालन गर्न ईच्छुक संस्थाले प्रस्ताव पेश गर्दा देहायका कागजातहरूको प्रमाणित प्रतिलिपि अनिवार्य संलग्न गर्नु पर्नेछः

(क) संस्थाको विधान वा नियमावली वा प्रबन्धपत्र,

(ख) संस्था वा कम्पनी दर्ता प्रमाणपत्र,

(ग) संस्था नवीकरण गरेको प्रमाणपत्र,

(घ) सूचनामा उल्लिखित आ.ब. को कर चुक्ता प्रमाणपत्र,

(ङ) मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र,

(च) सीपमूलक तालिम सञ्चालन गर्ने कार्यक्रमको प्रस्तावित खाका र कार्ययोजना ।

(२) उपदफा (१) बमोजिम कागजातहरू संलग्न नगरिएका प्रस्तावहरूलाई छनोट प्रकृयामा समावेश गराइने छैन ।

(९) प्राविधिक प्रस्ताव छनोटका आधारः (१) दफा ८ बमोजिम आवेदन परेका तालिम प्रदायक संस्थाको प्राविधिक प्रस्ताव छनोट गर्ने आधार देहाय बमोजिम हुनेछः-

(क) सीपमूलक तालिम सञ्चालन गर्न इच्छुक संस्थाको आर्थिक र प्राविधिक क्षमता,
(ख) सीपमूलक तालिम सञ्चालन गर्न ईच्छुक संस्थाको जनशक्तिको अवस्था,
(ग) संस्थाको भौतिक अवस्था,
(घ) संस्थाले सृजना गरेको रोजगारीको अवस्था वा रोजगारी सृजना गर्न सक्ने सम्भाव्यता,
(ङ) कार्यक्रमको प्रस्तावको अवस्था,
(च) पछिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,
(छ) तालिम सम्पन्न भए पछि रोजगारीको सुनिश्चितताको अवस्था,
(ज) तालिम प्राप्त गर्ने प्रशिक्षार्थीको सीप परीक्षणको सुनिश्चितता,
(झ) कम्तिमा ७ वर्ष सेवाको कार्य अनुभव सहित कम्तिमा ५०० जना तालिम प्रदान गरेको प्रमाण खुल्ने कागजात ।
(२) गुणस्तर तथा लागत खरिद विधि अनुसार कुल १०० अंङ्कमा प्राविधिक प्रस्तावको अङ्कभार ७० हुनेछ ।

१०. आर्थिक प्रस्तावको छनोटको आधारः (१) प्राविधि प्रस्तावमा छनोट भएका तालिम प्रदायक संस्थाले जिल्लागत रूपमा पेश गरेको दररेटको आधारमा आर्थिक प्रस्तावको छनोट गरिनेछ ।
(२) गुणस्तर तथा लागत खरिद विधि अनुसार कुल १०० अंङ्कमा आर्थिक प्रस्तावको अंङ्कभार ३० हुनेछ ।

११. प्रस्तावहरूको मूल्याङ्कन विधिः (१) प्रस्तावदाताले पेश गरेको आर्थिक र प्राविधिक प्रस्ताव मध्ये सर्वप्रथम प्राविधिक प्रस्तावको सिलबन्दी खाम मात्र खोली मूल्याङ्कन गरिनेछ । प्राविधिक प्रस्तावमा अयोग्य भएका प्रस्तावदाताको आर्थिक प्रस्ताव खोलिने छैन ।
(२) प्राविधिक प्रस्तावको मूल्याङ्कन सकिएको ती (३) दिनभित्र प्रस्तावदातालाई साता (७) दिनको सूचना दिई आर्थिक प्रस्ताव खोलिनेछ ।
(३) उपदफा (२) बमोजिम प्राविधिक प्रस्तावमा योग्य भएका प्रस्तावदातालाई आर्थिक प्रस्ताव खोल्ने मिति र समयको सूचना तालिम केन्द्रको वेभसाइटमा प्रकाशित गरिनेछ ।
(४) प्राविधिक र आर्थिक प्रस्तावको अंङ्कभार बमोजिम गणना गर्दा सबैभन्दा बढी प्राप्ताङ्क प्राप्त गर्ने प्रस्तावदाताको प्रस्ताव छनोट गर्नुपर्नेछ ।
(५) उपदफा (४) बमोजिम छनोट भएको प्रस्तावदाताको विवरण गाउँपालिकाको वेभसाइट तथा सूचना पाटीमा प्रकाशन गरिनेछ ।

१२. सम्झौता गर्नुपर्नेः (१) तालिम सञ्चालन गर्न अन्तिम छनोटमा परेका प्रस्तावदाताहरूको विवरण प्रकाशन भएको मितिले सात (७) दिनभित्र छनोट भएको तालिम प्रदायक संस्थाले गाउँपालिकामा उपस्थित भई अनुसूची-५ को ढाँचामा सम्झौता गर्नु पर्नेछ ।
(२) उपदफा (१) बमोजिम छनोट भएको प्रस्तावदाता सम्झौता गर्न नभएमा वैकल्पिक प्रस्तावदातासँग सम्झौता गर्न बाधा पर्ने छैन ।

परिच्छेद-३
तालिम प्रशिक्षण विधि र अनुगमन

१३. प्रशिक्षण विधिः (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने तालिमको प्रशिक्षण विधि देहाय बमोजिम हुनेछः-

(क) तालिमका विषयवस्तु सम्बन्धी सैद्धान्तिक ज्ञानको लागि व्याख्यान विधि,

(ख) तालिमको विषयवस्तुको व्यवहारिक ज्ञानको लागि प्रयोगात्मक विधि,

(ग) अवलोकन,

(घ) नमुना उत्पादन,

(ङ) उद्यम व्यवसायप्रति आकर्षित गर्न, व्यवसायको महत्व बारे जानकारी दिन, सफल उद्यम सञ्चालन गर्न आवश्यक पर्ने बजार, बिक्रीकला (मार्केटिङ), लेखापालन, बजारीकरण रणनीति जस्ता विषयका बारेमा जानकारी दिन उद्यमशीलता विकास सम्बन्धी ज्ञान ।

(२) यस कार्यविधि बमोजिम प्रदान गरिने तालिमको कार्ययोजना तथा कार्यतालिका देहाय बमोजिम तयार गर्नु पर्नेछः-

(क) तालिममा छनोट भई सहभागी भएका प्रशिक्षार्थीको न्यूनतम नब्बे प्रतिशत (९०%) रूजु हाजिर भएको हुनु पर्नेछ । सो हाजिर नपुग्ने प्रशिक्षार्थीहरूले खाजा खर्च तथा तालिम सम्पन्न गरेको प्रमाणपत्र पाउने छैनन् ।

(ख) सबै सीपमूलक तालिमको समय दैनिक कम्तिमा ५ देखि ६ घण्टाको हुनेछ ।

तर उद्यमशीलता विकास तालिमको हकमा सो तालिमको लागि स्वीकृत पाठ्यक्रम र कार्यविधि अनुसार हुनेछ ।

(ग) तालिम सञ्चालन गर्ने प्रशिक्षकले मासिक कार्यतालिका (पाठयोजना) बनाई प्रशिक्षार्थीलाई प्रशिक्षण तथा सीप विकास गर्नु पर्नेछ ।

(घ) सार्वजनिक बिदा बाहेक अन्य दिनमा कुनै खास आकस्मिक कारण परी तालिम सञ्चालन हुन नसकेमा सो को सट्टा अर्को दिन तालिम सञ्चालन गरी तालिमको कार्यावधि पुरा गर्नु पर्नेछ ।

(ङ) सामान्यतया तालिम दिउँसो सञ्चालन गरिनेछ ।

तर आवश्यकता अनुसार तालिमको प्रकृति र वातावरणीय अवस्था हेरी उपयुक्त देखिएमा सम्बन्धित सरोकारवालाहरू सँग समन्वय गरी अन्य समयमा पनि तालिम सञ्चालन गर्न सकिनेछ ।

(च) तालिमको विषय हेरी लामो अवधिको तालिमका प्रशिक्षार्थीहरूलाई तालिमको अवधिमा एक पटक स्थानीय बजार/उद्योग अवलोकन गराउन सकिनेछ ।

(छ) तालिमको अन्तिम चरणमा तालिमको विषय हेरी लिखित वा प्रयोगात्मक वा दुवै परीक्षा लिएर तालिमको गुणस्तर मुल्याङ्कन गरिनेछ । प्रशिक्षकले सो मुल्याङ्कन गरी प्रगती प्रतिवेदन सहित पेश गर्नु पर्नेछ ।

(ज) तालिम सम्पन्न भएपछि सहभागी प्रशिक्षार्थीहरूलाई अनुसूची-६ अनुसारको ढाँचामा तालिम प्रमाण-पत्र दिईनेछ ।

(झ) मध्यम र लामो अवधिको सीप विकास तालिम सम्पन्न भएपछि प्रशिक्षार्थीहरूलाई तालिम केन्द्रले सम्बद्ध निकायहरूसँग समन्वय गरी सीप परीक्षणको व्यवस्था मिलाउनु पर्नेछ ।

(३) यस कार्यविधि बमोजिम तालिम प्रदान गर्दा तालिम प्रदायक संस्था स्वयंले तालिम स्थल, मेशिन औजार तथा प्रशिक्षक आदि व्यवस्था गरी तालिम सञ्चालन गर्नु भन्दा नजिकको प्रशिक्षण केन्द्र वा मर्मत कार्यशाला (वर्कशप) मा प्रशिक्षार्थी पठाई कार्यगत (अन द जब) रूपमा तालिम सञ्चालन गर्दा बढी प्रभावकारी हुने

देखिएमा त्यस्ता प्रशिक्षण केन्द्र वा मर्मत कार्यशाला (वर्कशप) सँग सम्झौता गरी तालिम सञ्चालन गर्न सकिनेछ । त्यसरी सम्झौता गरी व्यावसायिक तथा निजी क्षेत्रका प्रतिष्ठानहरूलाई यस प्रणाली र कार्यक्रममा (अन द जब ट्रेनिङ) वा प्रयोगात्मक तालिममा सहभागी गराउने व्यवस्था गर्नेछ ।

(४) कुनै तालिम केन्द्रबाट सञ्चालन गर्नु भन्दा बाह्य सरकारी तथा गैरसरकारी संघसंस्था तथा निजी संघसंस्थाबाट सञ्चालन गर्दा प्रभावकारी हुने भएमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिम गर्नुपर्नेछ ।

१४. तालिम पाठ्यक्रमः नेपाल सरकार वा प्रदेश सरकारबाट तालिम पाठ्यक्रम निर्माण गर्न स्वीकृति पाएका निकायबाट निर्धारित तथा स्वीकृत पाठ्यक्रम र सात दिनदेखि एक महिना सम्मको अवधिको पाठ्यक्रममा आधारित भई तालिम सञ्चालन गर्नुपर्नेछ ।

तर त्यसरी पाठ्यक्रम उपलब्ध नभएको खण्डमा दफा १३ बमोजिमको विधि तथा कार्यतालिकामा आधारित भई तालिम प्रदायक संस्थाले पाठ्यक्रम निर्माण गरी मन्त्रालयबाट पाठ्यक्रम स्वीकृत गराई तालिम सञ्चालन गर्न सक्नेछ ।

१५. प्रशिक्षण तथा प्रशिक्षकको व्यवस्था र योग्यताः (१) सामान्यतया २० जना प्रशिक्षार्थीको बरावर एकजना प्रशिक्षक रहनेछ ।

(२) प्रशिक्षकको शैक्षिक योग्यता, तालिम, अनुभव र सेवा शुल्क अनुसूची-७ बमोजिम हुनेछ ।

(३) तालिम केन्द्रले व्यावसायिक र सीप विकास तालिमका लागि आवश्यक प्रशिक्षक सूची (रोष्टर) तयार गर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूची तयार गर्दा पाठ्यक्रममा उल्लिखित सम्बन्धित विषयमा उपदफा (२) बमोजिमको शैक्षिक उपाधि, तालिम वा अनुभव हासिल गरेको व्यक्तिलाई प्रशिक्षकको रूपमा राख्नु पर्नेछ ।

१६. प्रशिक्षकको सेवा सुविधाः एक महिना भन्दा कम समयको छोटो अवधिको तालिमको लागि सूची (रोष्टर) मा भएको प्रशिक्षकहरूलाई सेवा करारमा खटाउँदा दफा १५ मा उल्लिखित योग्यता अनुभव तथा आवश्यकता र उपलब्धताको आधारमा सम्बन्धित श्रेणीले पाउने मासिक तलबको आधारमा प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०८१ का आधारमा सुविधा प्रदान गर्न सकिनेछ ।

१७. खाजा खर्चः (१) यस कार्यविधि बमोजिम छनोट भई तालिममा सहभागी हुने प्रशिक्षार्थीलाई तालिम सम्पन्न भए पश्चात उपस्थितिको आधारमा एकमुष्ट खाजा खर्च भुक्तानी दिईनेछ ।

(२) उपदफा (२)उपदफा (१) बमोजिमको खाजा खर्च तालिममा सहभागी प्रशिक्षार्थीहरूलाई दैनिक रू. १०० (एक सय) उपलब्ध गराईनेछ तर खाजाको व्यवस्था तालिम प्रदायकबाटै भएकोमा खाजा खर्च दिईने छैन ।

१८. व्यावसायिक तथा सीपमूलक तालिम अनुगमनः (१) यस कार्यविधि बमोजिम तालिम सञ्चालन भए नभएको सम्बन्धमा गाउँपालिकाले निरीक्षण तथा अनुगमन गर्नेछ ।

१९. सहजीकरण गर्नुपर्नेः (१) दफा (१८) बमोजिम तालिम तथा प्रशिक्षार्थीको सिकाईको सम्बन्धमा अनुगमन गर्दा देहायका विषयहरूमा विशेष ध्यान दिँदै आवश्यक सहजीकरण समेत गर्नुपर्नेछः-

(क) तालिम प्राप्त प्रशिक्षार्थीहरूलाई सीप अनुरूपको व्यवसाय गर्न आवश्यक परामर्श तथा प्राविधिक सेवा उपलब्ध गराउने,

हल्दीबारी गाउँपालिका

(ख) सीपमूलक तालिम प्राप्त प्रशिक्षार्थीहरूलाई सीप अनुरूपको स्वरोजगारी अपनाउन तथा थप आय आर्जन बढाउन उद्यमशिलता विकास तालिम प्राप्त गर्न सघाउने,
(ग) सीप अनुरूपको व्यवसाय सञ्चालन गर्न आवश्यक पर्ने बीउ पूँजीको लागि प्रदेश सरकारको वार्षिक नीति अनुसार ऋण उपलब्ध गराउने निकायमा कर्जा प्राप्त गर्न सहजीकरण र परामर्श दिने,
(घ) प्रशिक्षार्थीले सीप अनुरूपको व्यवसाय सञ्चालन गर्न वा थप आय आर्जन गर्न परेको समस्याको पहिचान गरी उपर्युक्त परामर्श सेवा उपलब्ध गराउने,
(ङ) प्रशिक्षार्थी अनुगमन गर्दा प्रशिक्षार्थीसँग सामान्य भेटघाट तथा उद्यमको समान्य अवलोकन मात्र नगरी उद्यम/व्यवसायको प्राविधिक तथा व्यवस्थापकीय पक्षको समेत अनुगमन चेक लिष्ट फाराम तयार गरी सुक्ष्म अवलोकन गर्ने,
(च) कर्जा लिएको प्रशिक्षार्थी भए सम्बन्धित वित्तीय संस्थासँग समन्वय गरी संयुक्त अनुगमन गर्ने व्यवस्था मिलाउने,
(छ) कर्जा प्राप्त गर्ने व्यक्तिहरूबाट कर्जाको सदुपयोग भए नभएको हेर्न र कर्जा असुलीको लागि सम्बन्धित वित्तीय संस्थासँग समन्वय गरी परामर्श दिन सकिनेछ,
(ज) प्रदेश स्थित उद्यम/व्यवसाय सम्बन्धी तालिम प्रदायकहरूको सहयोग उपलब्ध गराईदिन केन्द्रहरूले सहजकर्ताको भूमिका निर्माह गर्ने,
(झ) प्रशिक्षार्थी अनुगमन गर्दा सीप अनुरूपको व्यवसाय गरेको पाइए निजको उद्यम/व्यवसाय प्रबर्द्धनको लागि थप सीप वा उद्यमशीलता तालिम आवश्यक पर्ने देखिएमा त्यसको लागि आवश्यक व्यवस्था मिलाउने,
(ञ) उद्यम व्यवसायबाट उत्पादित सामग्री प्रदर्शनीमा प्रशिक्षार्थीलाई सहभागीताका लागि उत्प्रेरित तथा प्रवर्द्धन गर्न आवश्यक व्यवस्था मिलाउने,
(ट) तालिम केन्द्रले अनुगमनको प्रतिवेदन गाउँपालिकामा समेत पेश गर्नु पर्नेछ ।
(२) यस कार्यविधि बमोजिम तालिम प्राप्त गरी सीप अनुरूपको स्वरोजगारी/रोजगारी प्राप्त गर्ने उत्कृष्ट प्रशिक्षार्थीको सूची तयार गरी सोको जानकारी गाउँपालिकामा समेत उपलब्ध गराउनु पर्नेछ । रोजगारी र स्वरोजगार भई उत्कृष्ट हुने प्रशिक्षार्थीलाई पुरस्कृत गर्ने व्यवस्था समेत गाउँपालिकाबाट मिलाईनेछ ।

परिच्छेद-४
विविध

२०. टेवा पूँजी सम्बन्धमाः (१) तालिम सञ्चालन गर्दा परीक्षार्थीहरूलाई लघु उद्यम सञ्चालनमा टेवा पुग्ने गरी अनुसूची-८ मा तोकिएका विषयहरूमा देहाय बमोजिम टेवा पूँजी प्रदान गर्न सकिनेछः-
(क) ३ महिने वा ३९० घण्टा सम्मको तालिम भए प्रति व्यक्ति रू २०,००० (बीस हजार) सम्म,
(ख) १ महिने वा १६० घण्टा सम्मको तालिम भए प्रति व्यक्ति रू १५,००० (पन्ध्र हजार) सम्म,
(ग) छोटो अवधि (७-१५ कार्य दिन) सम्मको तालिम भए प्रति व्यक्ति रू ५,००० (पाँच हजार) सम्म ।
(२) उपदफा (१) बमोजिमको टेवा पूँजी तालिम सफलतापूर्वक सम्पन्न गरी सीप परीक्षण गर्नुपर्ने विषय भए सीप परीक्षण प्रमाणपत्र प्राप्त भए पछि तालिम केन्द्रले सिधै व्यक्तिको खाता मार्फत प्रदान गर्नेछ ।
(३) टेवा पूँजी, प्राप्त गर्न सम्बन्धित व्यक्तिले तालिम सम्पन्न गरेको प्रमाणपत्र र तालिम प्राप्त गरेको विषयसँग सम्बन्धित उपकरण/सामग्री खरिद गरेको बिल बिजक र निवेदन पेश हुन आएमा तालिम केन्द्रले निर्णय गरी टेवा पूँजी वापतको रकम व्यक्तिको खातामा सिधै भुक्तानी हुने व्यवस्था गर्नेछ ।

(४) टेवा पूँजी प्राप्त गर्ने प्रशिक्षार्थीले तालिम लिएको विषयवस्तु बमोजिमको रोजगार/स्वरोजगार नगरी टेवा पूँजीको दुरूपयोग गरेमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।
२२. सीप परीक्षण सम्बन्धीः (१) तालिम लिने परीक्षार्थीले तालिम प्रदायक संस्थाको समन्वयमा अनुसूची-८ बमोजिमका विषयवस्तुमा अनिवार्य रूपमा सीप परीक्षणमा सहभागी हुनु पर्नेछ ।
(२) सीप परीक्षणको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्सँग आवश्यक समन्वय गाउँपालिकाले गर्नेछ । सीप परीक्षण बापतको बजेट व्यवस्थापन कार्यक्रमबाट गरिनेछ ।

२३. डाटाबेस अद्यावधिक सम्बन्धीः तालिम सम्पन्न गरेका सम्पूर्ण सहभागीको डाटाबेस रोष्टर गाउँपालिकाले उपयुक्त डाटाबेस प्रणाली विकास गरी अद्यावधिक गर्ने व्यवस्था मिलाउने ।

२४. तालिम प्रदान गर्न छनोट भएका संस्थाहरूको कार्य क्षेत्रः सीपमूलक तालिम सञ्चालनको लागि तालिम प्रदायक संस्थाले हल्दीबारी गाउँपालिका ५ वटै वडामा आवश्यकता अनुसार एक वडा एक तालिम विषयक्षेत्र पर्ने गरी छनोट गर्न सकिने छ ।
तर कुनै वडाबाट प्रस्ताव नै दर्ता नभएमा बाँकी प्राथमिकता दिई छनोट गर्न सकिनेछ ।
२५. निर्देशक समितिः (१) सीपमूलक तालिम सम्बन्धी नीति निर्माण, विषय छनोट र कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्न तथा आवश्यक नीति बनाई कार्य सञ्चालनलाई सहजीकरण गर्न देहाय बमोजिमको एक निर्देशक समिति गठन गरिनेछः-
देहाय -
गाउँपालिका अध्यक्ष - संयोजक
गाउँपालिका उपाध्यक्ष - सदस्य
प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव
२६. निर्देशक समितिको काम, कर्तव्य र अधिकारः सीपमुलक तालिमको नीतिगत निर्णय र निर्देशन दिनका लागि दफा २५ बमोजिम गठित निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-
देहाय -
(क) सीपमूलक तालिम सम्बन्धी नीतिगत निर्णय गर्ने,
(ख) तालिम सञ्चालनको विषय क्षेत्र छनोट र कोटा निर्धारण गर्ने,
(ग) सीपमूलक तालिम सम्बन्धी काम भए नभएको विषयम अनुगमन गरी समय समयमा तालिम प्रदायक संस्थालाई आवश्यक निर्देशन दिने,
(घ) तालिक केन्द्र तथा तालिम प्रदान गर्न छनोट भएका संस्थाहरूको तालिमसँग सम्बन्धित गतिविधि निरीक्षण गर्ने र आवश्यक निर्देशन दिने,
(ङ) तालिम प्रदान गर्न छनोट भएका संस्थाहरूलाई आवश्यक सहयोग र सहजीकरण गर्ने,
(च) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्सँग समन्वय गरी सीप परीक्षण कार्यका लागि आवश्यक सहजीकरण गर्ने ।
२७. मूल्याङ्कन तथा सिफारिस समितिः (१) सीपमूलक तालिम सम्बन्धी प्राविधिक र आर्थिक प्रस्तावको मूल्याङ्कन तथा सिफारिस गर्न देहाय बमोजिमको मूल्याङ्कन तथा सिफारिस समिति गठन गरिनेछः-
देहाय -

प्रमुख प्रशासकीय अधिकृत - संयोजक

लेखा शाखा प्रमुख - सदस्य

खरिद इकाइ प्रमुख - सदस्य सचिव

२. उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न वा विषयसँग सम्बन्धित बढीमा तीन जनालाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ । समितिले आवश्यक ठानेमा निश्चित अवधिको लागि परामर्शदाता समेत नियुक्त गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले प्रस्ताव आह्वान गरेको खण्डमा मूल्याङ्कन तथा सिफारिस सम्बन्धी व्यवस्था सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

२८. मूल्याङ्कन तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकारः यस कार्यविधि बमोजिम तालिम सञ्चालनका लागि पेश भएको प्रस्तावको मूल्याङ्कन गरी सिफारिस गर्नका लागि गठित मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) तालिम सञ्चालनको लागि पेश भएका सिलबन्दी प्रस्ताव खोली दफा ९ बमोजिमका कागजात भए नभएको जाँच गर्ने,

(ख) दफा १० बमोजिमका आधारमा पेश भएका प्रस्तावहरू छनोटका लागि प्रकृया अगाडि बढाई मूल्याङ्कन गर्ने र आवश्यक कागजात संलग्न नभएका प्रस्तावहरू छनोट प्रकृयाबाट हटाउने,

(ग) प्राविधिक प्रस्तावमा सफल भै छनोट प्रकृयामा समावेश भएका प्रस्ताव दफा ११ बमोजिमको आर्थिक प्रस्तावको आधारमा मूल्याङ्कन गरी छनोट गर्ने,

(घ) छनोट भएका प्रस्तावहरू स्वीकृतिको लागि गाउँपालिकाको कार्यालय समक्ष सिफारिस गर्ने ।

(ङ) स्वीकृत प्रस्तावहरु नियमानुसार कार्यान्वयन गर्ने गराउने ।

२९. रकम भुक्तानी विधिः (१) सीपमूलक तालिम सफलतापूर्वक सञ्चालन गरे वापत तालिम प्रदायक संस्थालाई सम्झौता बमोजिम रकम भुक्तानी दिइनेछ ।

(२) उपदफा (१) बमोजिमको रकम कार्यक्रम सम्पन्न गरी तोकिएको ढाँचामा प्रतिवेदन पेश भएपछि मात्र भुक्तानी गरिनेछ ।

(३) रकम भुक्तानी गर्दा खर्चको विवरण सहितको विल विजक सहितका कागजात भएको फाईल पेश गर्नुपर्ने छ ।

(४) भुक्तानी पाउने संस्थाले अनिवार्य रूपमा कर विजक पेश गर्नुपर्ने छ ।

(५) सीप परीक्षण गर्न तोकिएको विषयमा तालिम लिनेहरूको सीप परीक्षण प्रमाणपत्र अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

तर प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को समय तालिकाको कारणले सीप परीक्षण गर्न ढिलाई हुन गएमा सीप परीक्षण प्रकृयामा रहेको प्रमाण पेश भएमा भुक्तानी गर्न बाधा पर्ने छैन ।

(६) रकम भुक्तानी गर्दा प्रचलित कानून अनुसार कटाउनु पर्ने आयकर र नियमानुसर कट्टी गर्नुपर्ने अन्य करहरू स्रोतमै कटाई भुक्तानी गरिनेछ ।

३०. कारवाही गर्न सकिनेः सीपमूलक तालिम प्रदायक संस्थाले गलत विवरण पेश गरी भुक्तानी लिएमा, सम्झौतामा उल्लेखित शर्त पूरा नगरेमा वा यस कार्यविधि तथा सम्झौताका शर्तहरू पालन नगरेमा त्यस्तो संस्थासँग सम्झौता रद्द गरी प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

३१. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

३२. आवश्यक व्यवस्था मिलाउन सक्नेः यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले निर्णय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

हलेसी तुवाचुङ नगरपालिका

अनुसूची-१
(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

क्र.सं.	तालिमको क्षेत्र	विषयहरू	अवधि
१.	निर्माण क्षेत्र	मेसन, स्काफोल्डिङ्ग, सटरिङ्ग, कार्पेन्ट्री, स्टिल फिकस्चर, प्लम्बिङ्ग, विद्युत जडान, वेल्डिङ्ग, सिकर्मी, डकर्मी	१६० र३९० कार्य घण्टा
२.	कृषि क्षेत्र	पशु स्वास्थ्य कार्यकर्ता, कृषि कार्यकर्ता, तरकारी खेती, नगदे वाली, कृषिजन्य पदार्थको प्रशोधन, मौरी पालन, बंगुर पालन, कुखुरा पालन, जडिबुटि खेति, जडिबुटि प्रशोधन, अल्लो प्रशोधन, हाते कागज निर्माण, ऊन प्रशोधन।	१६० र ३९० कार्य घण्टा
३.	सेवा क्षेत्र	ब्यूटी पार्लर, केयर गिभर, मन्टेश्वरी, ड्राईभिङ्ग, मोवाइल, टि.भि., कम्प्युटर, इन्भर्टन मर्मत, मोटरसाईकल मर्मत, सेक्युरेटी गार्ड ।	१६० र ३९० कार्य घण्टा
४.	कला क्षेत्र	थाङ्का, मुर्तिकला, काष्ठकला, वेतबांस, मिथिला पेन्टिङ्ग, वुड कार्भिङ्ग, स्टोन कार्भिङ्ग, छवाली कला, कपडा, जरी भर्ने र पेन्टिङ्ग गर्ने, माला, थैली, पर्स बनाउने, फोटो फ्रेम लेमिलेशन, पोते माला, सजावटका सामान उत्पादन गर्ने ।	१० दिन देखि १ महिना सम्म
५.	होटल तथा पर्यटन क्षेत्र	कुक, वेटर/वेट्रेस, होम स्टे, बारिष्टा, हाउस किपिङ्ग, हाउस मेड, बारमेन, सेल्स पर्सन, फ्रन्ट अफिस मेनेजमेन्ट, सेक्रेटरी, टुरिष्ट गाइड, भाषा प्रशिक्षण ।	१० दिन देखि ३ महिना सम्म
६.	होजियारी तथा तयारी पोशाक	सिलाई, कटाई, ढाका बुनाई, गार्मेन्ट्स, गलैंचा, राडी पाखी बुनाई, इम्ब्रोईडरी, फेशन डिजाइन, बक्रस बनाउने, धागो बुन्ने ।	१६० र ३९० कार्य घण्टा

७.	खाद्य सामग्री प्रशोधन	कुकिज, वेकरी, पाउरोटी, जुस, बिस्कुट, अचार, सस बनाउने, लप्सी प्रशोधन, अदुवा प्रशोधन, अमला प्रशोधन, बेसार प्रशोधन, टिमुर प्रशोधन, खुरसानी प्रशोधन, विउ विजन प्रशोधन ।	१० दिन देखि १ महिना सम्म
८.	सूचना र प्रविधि	फ्रन्ट ईन्ड डिजाइन, वेभसाइट डिजाइन, ग्राफिक्स डिजाइन, डाटावेश तथा सफ्टवेयर निर्माण ।	१ महिना देखि ३ महिना सम्म
९.	अन्य क्षेत्र	मैनबत्ती, अगरबत्ती, खाम बनाउने, व्रिकेट निर्माण, प्लाष्टिक मोल्डिङ्ग, बुकबाइण्डिङ्ग तथा जिवीकोपार्जन सम्बन्धी अन्य तालिम लगायत उद्योग सम्बन्धी तालिम, नर्सरी व्यवस्थापन, उद्यमशिलता विकास ।	७ दिन देखि ३ महिना सम्म

हल्दीबारी गाउँपालिका

अनुसूची-२

(दफा ७ को उपधारा (२) सँग सम्बन्धित)

लागत अनुमानको ढाँचा

हल्दीबारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जलथल, झापा, नेपाल

आ.व.

तालिमको विषयः

अवधिः

स्थानः

सि.नं.	सेवा खर्च शिर्षक	एकाई	शिर्षकको प्रति एकाई दर	शिर्षकको जम्मा परिमाण	शिर्षकको जम्मा लागत
१.	जनशक्तिको पारिश्रमिक				
	क) प्रशिक्षक (सहायक पाँचौं)	दिन/महिना			
	ख) सहायक प्रशिक्षक (सहायक चौथो)	दिन/महिना			
२	मालसामान, उपकरण वा सेवा लगायतका सोधभर्ना हुने खर्च				
	क) प्रशिक्षार्थी खाजा खर्च	जना			
	ख) मालसामान (फर्नीचर, मेशिनरी औजार उपकरण), सेवा खर्च	एकमुष्ट			
	ग) अनुगमन, मूल्याङ्कन र अन्य खर्च				
	घ) प्रशिक्षार्थी यातायात खर्च				
३	तालिम सामग्री, गोष्ठी, कागजात, छपाई वा अनुवाद, लगायतका अन्य फुटकर खर्च				
४	जम्मा लागत अनुमान				
	मु.अ.क. १३%				
	कन्टिन्जेन्सी ४%				
५	कार्यालय व्यवस्थापन खर्च				
६	कुल लागत अनुमान अङ्क				

तयार गर्ने   पेश गर्ने   सदर गर्ने

हल्दीबारी गाउँपालिका

अनुसूची-३

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

प्राविधिक प्रस्ताव पेश गर्ने ढाँचा

....विषय सीपमूलक तालिम सञ्चालन गर्नको लागि

प्राविधिक प्रस्ताव

आ.व......................

प्रस्ताव पेश गरिएको निकायः

प्रस्ताव पेश गर्ने संस्थाको नामः

ठेगानाः

१. प्रस्तावदाताको संस्थागत विवरण

(क) संस्थाको नामः

(ख) ठेगानाः

(ग) सम्पर्क व्यक्ति र फोन नं.

(घ) संस्था प्रमुखको नामः

(ङ) कार्यकारी अधिकृतको नामः

(च) प्रस्तावदाताको तर्फबाट मुख्य भई कामगर्ने व्यक्ति (कार्यक्रम व्यवस्थापन) को
नामः सम्पर्क नं.

२. प्रस्तावित तालिमको नामः

३. प्रस्तावित तालिम सञ्चालन गर्ने प्रस्तावित जनशक्ति (प्रशिक्षक) को विवरण

सि.नं.	प्रशिक्षकको नाम	शैक्षिक योग्यता	तालिम	अनुभव

४. प्रस्तावदाता (संस्था/फर्म/कम्पनी) ले विगतमा प्रस्तावित तालिमसँग सम्बन्धित विषयमा तालिम दिएको अनुभव

सि.नं.	परामर्श सेवा खरिद गर्ने/लिने निकायको नाम तथा ठेगाना	तालिम सञ्चालन मिति	तालिमको विषय	समुह/सहभागी संख्या	कैफियत
					प्रमाणित कागजात पेश गर्नुपर्ने

५. प्रस्तावित तालिम सञ्चालनका लागि मौजुदा भौतिक विवरणः

सि.नं.	विवरण	परिमाण	साईज	क्षमता	ठेगाना	कैफियत
१.	भौतिक पुर्वाधार (क) भवन (ख) तालि महल (ग) प्रयोगशाला (घ) शौचालय (ङ) आवास					
२.	यन्त्र उपकरण (क) (ख) (ग) (घ) (ङ)					
३.	फर्निचर (क) (ख) (ग) (घ) (ङ)					
४.	अन्य (क) (ख) (ग) (घ) (ङ)					

हल्दीबारी गाउँपालिका

६. प्रस्तावित तालिम सञ्चालन गर्ने कार्य योजनाः

७. प्रस्तावित तालिम सञ्चालन पश्चात रोजगारीको योजनाः

८. सीपमूलक तालिमको लागि प्राविधिक प्रस्ताव पेश गर्दा संलग्न भई आउनुपर्ने विवरणः

१		भौतिक पुर्वाधार
	१.१	प्रयोगशाला/जग्गा क्षेत्रफल/भवन
	१.२	तालिम उपकरण र प्रशिक्षण सामग्री
	१.३	प्रशिक्षण अनुभव
	१.४	फर्नीचर कक्षा कोठा
	१.५	पानी शौचालय सुविधा
	१.६	टेलिफोन/विद्युत्/यातायात/कम्पाउण्ड
२		कार्यअनुभव र रोजगार स्थिति
	२.१	संस्थाको अनुभव
	२.२	हालसम्म तालिम गराएको संस्था र पछिल्लो दुई वर्षको रोजगारको स्थिति
	२.३	हालसम्म तालिममा रोजगार/स्वरोजगार प्रदान गर्ने आधार
	२.४	यस अघि नेपाल सरकारको यस्तो प्रकृतिको तालिम सञ्चालन गरेको विवरण
३		आर्थिक तथा व्यवस्थापन प्रक्रिया क्षमता
	३.१	वासलात (नाफा/नोक्सान) सहितको अडिट रिपोर्ट र तालिम सञ्चालनको लागि आवश्यक आर्थिक व्यवस्थापनको ग्यारेन्टी
	३.२	संस्थाको व्यवस्थापन
४		निरिक्षण प्रकृया

९. प्रस्तावदातालाई आवश्यक निर्देशनः

(क) माथि उल्लेखित विभिन्न शिर्षक उपशिर्षकहरूमा दिईएको आधारलाई पुस्टयाइ गर्ने कागजात अनिवार्य रूपमा संलग्न भै आउनु पर्नेछ ।

(ख) गुणस्तर र लागत खरिद विधि अनुसार उपरोक्त बमोजिम पर्न आएको प्राविधिक प्रस्तावको मूल्याङ्कन भार ७०% र आर्थिक प्रस्तावको मूल्याङ्कन भार ३०% कायम गरिएको छ ।

(ग) प्रत्येक शीर्षकगत तालिम कार्यक्रमको लागि प्रस्ताव पेश गर्न संस्थाले अलग अलग आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्नु पर्नेछ ।

(घ) प्रस्ताव पेश गर्ने संस्थाले आफ्नो विषयगत तालिमको प्राविधिक तथा आर्थिक प्रस्ताव अलग अलग सिलबन्दी गरी सो सिलबन्दी दुबै प्रस्तावलाई पुनः एउटै खामबन्दी गरी लाहा छाप लगाई पेश गर्नु पर्नेछ ।

(ङ) प्राविधिक प्रस्ताव खामभित्र मूल्य वा आर्थिक प्रस्तावको कुनै पनि कुरा दर्शाउने व्यहोरा उल्लेख गर्न पाईनेछैन ।

(च) प्रस्ताव पेश गर्दा प्रस्तावको विषय, प्रस्ताव पेश गर्ने नाम र प्रस्ताव पेश गरेको कार्यालयको नाम सिलबन्दी खाम बाहिर प्रष्ट लेखुपर्नेछ । अन्यथा मान्य हुने छैन ।

(छ) प्राविधिक प्रस्तावमा न्यूनतम ६० (साठी) अंङ्क प्राप्त गर्ने संस्थाले मात्र आर्थिक प्रस्ताव खोलिनेछ ।

अनुसूची-४

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

<u>आर्थिक प्रस्ताव पेश गर्ने ढाँचा</u>

.........................विषय सीपमूलक तालिम सञ्चालन गर्नका लागि प्रस्ताव आर्थिक प्रस्ताव

आ.ब...................

प्रस्ताव पेश गरिएको निकायः

फर्मको नाम..............

ठेगाना.........................

मिति..............................

................तालिमको लागि आर्थिक प्रस्ताव

एक समुहः २० जना

क्र.सं.	विवरण	परिमाण	दर रू.	जम्मा रू. अंङ्कमा	जम्मा रू. अक्षरमा
१.	स्टेसनरी				
२.	तालिम सामग्री खर्च				
३.	प्रशिक्षक पारिश्रमिक				
४.	तालिम व्यवस्थापन खर्च (घर भाडा, सूचना, तालिम संयोजक, मर्मत सम्भार, सरसफाई, पानी, प्रमाण पत्र समेत)				
जम्मा १ समुहको रू.					
जम्मा.....समुहको रू.					
मु.अ.क १३ प्रतिशत (%)					
कुल जम्मा					

रकम अक्षरमाः

....

....

....

....

आधिकारिक व्यक्तिको हस्ताक्षरः   कार्यालयको छापा

नामः

पदः

हल्दीबारी गाउँपालिका

अनुसूची-५

(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

<u>सम्झौतापत्रको ढाँचा</u>

सार्वजनिक खरिद कानून बमोजिम..........र ....तालिम प्रदायक संस्थाबीच हुने सम्झौता-पत्र

<u>सम्झौता-पत्र</u>

.... (यस पछि प्रथम पक्ष भनिएको) र श्री.................. (यस पछि दोस्रो पक्ष भनिएको) सहकार्यमा देहायमा उल्लेखित विषयक...............सीपमूलक तालिम कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा दुबै पक्षको सहमती र समझदारीमा तल उल्लेखित विवरण एवं शर्तहरूको आधारमा सम्झौता गरी एक/एक प्रति बुझि लियौं/दियौं ।

१. तालिम सम्बन्धी विवरणः

सि.नं.	तालिमको नाम	प्रशिक्षार्थी संख्या	अवधि	स्थान	तालिम खर्च रकमको विवरण	रकम रू.
					१. प्रशिक्षकको पारिश्रमिक रू.	
					२. तालिम सामग्री रू.	
					३. तालिम व्यवस्थापन खर्च (हल भाडा, प्रमाण पत्र, खाजा खर्च र अन्य) रू.	
					१३% मु.अ.कर रू.	
					कुल जम्मा रू.	

२. प्रकरण १ बमोजिमको तालिम कार्यक्रम सञ्चालन गरे वापत सोही दफामा कबोल गरिएको रकम देहाय बमोजिम यस कार्यालयले दोस्रो पक्षलाई उपलब्ध गराउने छ ।

(क) दोस्रो पक्षले प्रशिक्षार्थी छनोट सम्बन्धी प्रशिक्षणमा संलग्न भएको प्रशिक्षार्थीहरूको नामावली, प्रशिक्षणमा संलग्न प्रशिक्षकहरूको वैयक्तिक विवरण (शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रतिलिपि) र प्रशिक्षार्थी तथा प्रशिक्षकको प्रमाणित हाजिरी अभिलेख कार्यालयमा अनिवार्य रूपमा उपलब्ध गराउनु पर्नेछ।

(ख) सञ्चालित तालिम कार्यक्रमको प्रथम पक्षले निरीक्षण, अनुगमन र मूल्याङ्कन गर्न सक्नेछ । उक्त कार्यमा प्रथम पक्षलाई आवश्यक सहयोग गर्नु दोस्रो पक्षको कर्तव्य हुनेछ ।

(ग) तालिम सम्पन्न भैसकेपछि सो सम्बन्धी २ प्रति प्रतिवेदन प्रशिक्षार्थीहरूको नाम, स्थायी ठेगाना र सम्पर्क ठेगाना खुलेको फोटो सहितको वैयक्तिक विवरण र अन्य सान्दर्भिक कुराहरू समावेश गरी) दोस्रो पक्षले

कार्यालयमा पेश गरेपछि नियमानुसार रकम उपलब्ध गराईनेछ । उक्त रकम प्राप्त गर्नको लागि दोस्रो पक्षले मूल्य अभिवृद्धि कर सहितको बिल पेश गर्नु पर्नेछ ।

३. तालिम सञ्चालनको निमित्त आवश्यक कोठा, फर्निचर, विजुलि, खानेपानी र शौचालयको व्यवस्था दोस्रो पक्षले मिलाउनेछ ।

४. तालिम सुव्यवस्थित, अनुशासित र स्तरीय ढंगबाट सञ्चालन गर्न दोस्रो पक्ष निरन्तर तालिम अवधिभर सहयोगी र क्रियाशिल रहेनछ ।

५. तालिम सञ्चालन सम्बन्धी स्वीकृत तालिम सम्बन्धी विवरणमा व्यवस्था भए देखि बाहेक थप आर्थिक दायित्व प्रथम पक्षले व्यहोर्ने छैन ।

६. प्रशिक्षक र प्रशिक्षार्थीहरूको व्यक्तिगत, शैक्षिक वा अन्य कुनै मूल्याङ्कनको लागि प्रथम पक्षबाट कुनै मौखिक वा लिखित रूपमा बुझ्न खाजेमा वा कुनै विवरण माग गरेमा दोस्रो पक्षले अबिलम्ब उपलब्ध गराउने छ ।

७. सम्झौता भएको बढीमा १५ दिनभित्र प्रशिक्षार्थी छनोट गरी दोस्रो पक्षले तालिम सञ्चालन गरी जानकारी गराउनु पर्नेछ ।

८. सम्झौता अनुसारको प्रशिक्षार्थी संख्या घटेको हाजिरी विवरण पेश हुन आएमा सोही अनुसारको रकम कट्टा गरि बाँकी रकम मात्र भुक्तानी हुनेछ ।

९. तालिम सम्पन्न गरेका प्रशिक्षार्थीहरूलाई प्रमथ पक्ष (कार्यालय) ले दोस्रो पक्षलाई उपलब्ध गराएको प्रमाणपत्रको नमूना बमोजिम दोस्रो पक्षले छपाई ल्याएको प्रमाणपत्र कार्यालयको दस्तखत गराइ उपलब्ध गराउनु पर्नेछ र अन्तर्वार्तामा छनोट भएमा प्रशिक्षार्थीहरूको नामावली हेरफेर भएमा तालिमको अवधि हेरी तुरून्त कार्यालयमा जानकारी गराउनु पर्नेछ । अन्यथा नामावली फरक भएमा प्रमाणपत्रमा दस्तखत हुनेछैन ।

१०. यो सम्झौता-पत्र दुवै पक्षको हकमा सम्झौता भएको मितिदेखि तालिम समापन भै कार्यालय सँगको दायित्व फर फारक नभए सम्मको लागि कायम रहनेछ । तर अर्को आर्थिक वर्षको दायित्व कायम हुने गरी कार्य गर्न पाईने छैन ।

<u>पहिलो पक्षको तर्फबाट</u>	<u>दोस्रो पक्षको तर्फबाट</u>
नामः-	नामः-
पदः-	पदः-
दस्तखतः-	दस्तखतः-
संघ/संस्थाको नाम ठेगानाः	छापः

<u>रोहबर</u>

नामः-	नामः-
पदः-	पदः-
दस्तखतः-	दस्तखतः-

ईति सम्बत् २०......साल....महिना... गते रोज...शुभम् ।

नोटः सम्झौता गर्ने कार्यालयले आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ ।

अनुसूची-६

(दफा १४ को उपदफा (२) को खण्ड (ज) सँग सम्बन्धित)

<u>प्रमाण-पत्रको नमुना</u>

हल्दीबारी गाउँपालिका

गाउँ कार्यपालिकको कार्यालय

कोशी प्रदेश, जलथल, झापा

फोटो

प्रमाण-पत्र

श्री............. (ना.प्र.पत्र.नं.................) ले ....द्वारा आ.व..........मा सञ्चालित........महिने (.........कार्य घण्टा) ....विषयका तालिममा सहभागी भई सफलतापूर्वक तालिम सम्पन्न गर्नु भएकोले स-धन्यावाद यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

मितिः	....	....	....
	प्रशिक्षक	तालिम प्रदायक संस्था	गाउँपालिका प्रमुख

हल्दीबारी गाउँपालिका

Haldibari Rural Municipality

Office of Rural Municipal Executive

Koshi Province, jalthal, Jhapa

फोटो

Certificate

This certificate is awarded to Mr./MS……………………..resident of……………………(Citizenship No………………..) for successful completion of……………month (…………………..credit hrs.) training programme and acquiring skills on………….course held in F/Y…………………This training programme is conducted by………..

Date…………..

………………….	……………………..	………………………..
(Instructor)	(Training Institute)	(Province Secretary)

हल्दीबारी गाउँपालिका

अनुसूची-७

(दफा १६ को उपदफा (२) सँग सम्बन्धित)

प्रशिक्षक सम्बन्धी व्यवस्था

क्र.सं.	पद	शैक्षिक योग्यता वा तालिम वा अनुभव	सेवा शुल्क
१.	प्रमुख प्रशिक्षक	मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक उपाधि प्राप्त गरी स्वीकृति प्राप्त संस्थाबाट सम्बन्धित विषयमा १ पर्षको तालिम प्राप्त वा कुनै विषयमा स्नातक उपाधि प्राप्त गरी सम्बन्धित कामको २ वर्षको अनुभव भई सम्बन्धित सीपमा ३ तहको सीप परीक्षण पास भएको ।	अधिकृत छैठौं तहको शुरू तलब स्केल (मासिक)
२.	प्रशिक्षक	मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाण पत्र वा कुनै विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी स्वीकृति प्राप्त संस्थाबाट सम्बन्धित विषयमा १ वर्षको तालिम प्राप्त वा प्रमाण पत्र तह उत्तीर्ण गरी सम्बन्धित कामको १ वर्षको अनुभव भई सम्बन्धित सीपमा दुई तहको सीप परीक्षण पास भएको ।	सहायक पाँचौं तहको शुरू तलब स्केल (मासिक)
३.	सहायक प्रशिक्षक	सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम प्राप्त गरी परम्परागत सीप र प्रविधि भई न्यूनतम एक वर्ष अवधिसम्म उद्योग व्यवसाय दर्ता गरी व्यवसाय गरी बसेको अनुभव वा सम्बन्धित सीपमा एक तहको सीप परीक्षण पास भएको ।	सहायक चौंथो तहको शुरू तलब स्केल (मासिक)

नोटः प्रमुख प्रशिक्षक, प्रशिक्षक र सहायक प्रशिक्षकको सेवा शुल्क दिन वा कार्य घण्टाको आधारमा हुने भएमा माथि उल्लिखित मासिक दरलाई आधार लिई निर्धारण गर्नुपर्नेछ ।

हल्दीबारी गाउँपालिका

अनुसूची-८

(दफा २१ को उपदफा (१) र दफा २२ को उपदफा (१) सँग सम्बन्धित)

<u>सीप परीक्षण र टेवा पूँजी प्रदान गरिने विषयहरू</u>

क्र.सं.	तालिमको क्षेत्र	विउ पूँजी प्रदान गरिने विषय	अनिवार्य सीप परीक्षण गर्नुपर्ने विषय
१.	निर्माण क्षेत्रः	स्टिल फिकस्चर-१६० घण्टा, प्लम्बिङ्ग-३९० घण्टा, विद्युत जडान-३९० घण्टा	मेसन, विद्युत, प्लम्बिङ्ग
२.	कृषि क्षेत्रः	तरकारी खेति, नगदे बाली, कृषिजन्य पदार्थको प्रशोधन, खाद्य सामग्री उत्पादन, जडिबुटि प्रशोधन, उन प्रशोधन, हाते कागज निर्माण	पशु स्वास्थ्य कार्यकर्ता, कृषि कार्यकर्ता
३.	सेवा क्षेत्रः	ब्यूटी पार्लर, मोवाइल, टि.भि. मर्मत	ब्यूटीपार्लर, मोवाइल, टि.भि. मर्मत
४.	कला क्षेत्रः	काष्ठकला, मुर्तिकला, वेतबांस, सजावटका सामान उत्पादन, थैली, पर्स बनाउने	
५.	होटल तथा पर्यटन क्षेत्रः	कुक, बारिष्टा	कुक, बारिष्टा
६.	होजियारी तथा तयारी पोशाकः	सिलाई कटाई, ढाका बुनाई, गार्मेन्ट्स, गलैंचा, राडी पाखी बुनाई	सिलाईकटाई, ढाका बुनाई, गलैंचा बुनाई
७.	खाद्य सामग्री प्रशोधनः	अमला प्रशोधन, विउ विजन प्रशोधन, वेकरी	
८.	अन्य क्षेत्रः	अगरबत्ती, खाम बनाउने, व्रिकेट निर्माण	

आज्ञाले,
मान बा. वन (महेन्द्र)
प्रमुख प्रशासकीय अधिकृत

हल्दीबारी गाउँपालिका